आकाशवाणी

5th of Nov 2025

## Avocado

नाम्ची जिल्लाको याङ्याङ ब्लकअन्तर्गत कोल्थाङ टोगदे GPU मा नवस्थापित एभाकाडो क्लस्टरमा आज निरीक्षण तथा अनुगमन भ्रमण सम्पन्न भयो। उक्त कार्यक्रमम वीधानसभाकी उपाध्यक्ष तथा क्षेत्र विधायक राजकुमारी थापा प्रमुख अतिथि रहनु भएको थियो।

भ्रमणका क्रममा अधिकारीहरूले जानकारी दिँदै बताए कि 2025 को जुलाई महिनामा MIDH–AEP तथा बागवानी विभागको विशेष कार्यक्रमअन्तर्गत चौसठ (64) जना किसानहरूलाई उच्च गुणस्तरका फामफलका विरुवा प्रदान गरिएको थियो। यस पहलको उद्देश्य स्थानीय किसानहरूको आर्थिक सशक्तीकरण, आम्दानी वृद्धि तथा जीविकोपार्जनका नयाँ अवसरहरू सृजना गर्नु रहेको छ। सामुदायिक सहभागितामार्फत स्थायी विकासलाई प्रोत्साहन दिने उद्देश्यले यो परियोजना सञ्चालनमा ल्याइएको हो।

बागवानी विभागका अधिकारीहरू, जिल्ला पंचायत सदस्य के.डी. काफ्ले तथा पञ्चायत सदस्यहरूको टोलीले संयुक्त रूपमा फामफलको बगैंचाको निरीक्षण गर्दै विरुवाहरूको वृद्धि र अवस्थाको मूल्याङ्कन गर्नुभयो। यस अवसरमा श्रीमति थापाले परियोजनाको दीर्घकालीन सफलताका लागि निरन्तर अनुगमन र सरोकारवालाहरूको साझा जिम्मेवारी अपरिहार्य रहेको उल्लेख गर्नुभयो।

चिवाभञ्ज्याङमा

हिजो भारत-नेपाल सिमानामा रहेको ऐतिहासिक तथा भू-रणनीतिक महत्वको, चिवाभञ्ज्याङ क्षेत्रमा विभिन्न सरकारी विभागहरूको समन्वयमा एउटा महत्वपूर्ण संयुक्त भू-सर्वेक्षण सम्पन्न भएको छ। यसलाई भारत-नेपाल व्यापार कोरिडोरको रूपमा स्थापना गर्ने दिशामा एउटा पहिलो र ऐतिहासिक कदम मानिएको छ।पश्चिम सिक्किमका सीमावर्ती क्षेत्रहरूको समग्र विकास गर्ने राज्य सरकारको दीर्घकालीन योजना अन्तर्गत, यस सर्वेक्षणको नेतृत्व मानेबोङ-देन्तामका क्षेत्र विधायक सुदेश कुमार सुब्बाले गर्नुभएको थियो। उहाले स्थलगत भ्रमण गरी विभिन्न विभागका प्राविधिक टोली र केन्द्रीय अधिकारीहरूसँग मिलेर सर्वेक्षण कार्यको निरीक्षण कार्य अघि बढाउनु भएको थियो। वाणिज्य तथा उद्योग विभागका सह-सचिव गोपाल क्षेत्रीले केन्द्रीय सरकारद्वारा खटाइएका विज्ञहरूको टोलीले सीमा क्षेत्रको भू-भाग, सडक सञ्जाल, वन क्षेत्र, विद्युत वितरण, जलस्रोत र स्थानीय बस्तीहरूको अवस्थाबारे विस्तृत अध्ययन गरेको जानकारी गराउनु भएको। विधायक सुब्बाले चिवाभञ्ज्याङलाई सिक्किम र नेपालबीचको मित्रता, संस्कृति र साझेदारीको प्रतीकको रूपमा वर्णन गर्दै यस क्षेत्रलाई व्यापार, पर्यटन र पूर्वाधार विकासको केन्द्र बनाउने राज्य सरकारको प्राथमिकता रहेको बताउए । यसले रोजगारी र स्थानीय युवाहरूको जीवनस्तरमा सुधार ल्याउने उहाले विश्वास व्यक्त गर्नुभयो । पश्चिम सिक्किमको उत्तरे बजार नजिक समुन्द्र सतहबाट 12 सय फिटको उचाइमा रहेको यो रणनीतिक क्षेत्रको सर्वेक्षणले भारत-नेपाल मित्रतालाई सुदृढ पार्ने, सीमा सुरक्षा बढाउने र द्विपक्षीय विकास सहयोगलाई गहिरो बनाउने अपेक्षा गरिएको छ। यस अध्ययनले विस्तृत प्रतिवेदन तयार गरिनेछ अनि भावी विकास परियोजनाहरूलाई मार्गदर्शन तयार पार्ने छ। यसरी चिवाभञ्ज्याङलाई सिक्किमको

"पश्चिमी प्रवेशद्वार" को रूपमा विकसित हुने र समृद्धिको नयाँ अध्यायको शुरु हुने विश्वास गरिएको छ।

## बोङतेन वरिष्ठ माध्यमिक विद्यालय

मानेबुङ–देन्ताम समष्टिका विधायक सुदेश कुमार सुब्बाले आज बोङतेन वरिष्ठ माध्यमिक विद्यालय परिसरमा निर्माण सम्पन्न गरिएको दुई कोठा भएको एक तले पक्की भवनको विधिवत उद्घाटन गरी स्कुल पक्षलाई समर्पित गर्नुभयो । सोही अवसरमा विद्यालयको व्यवस्थापन समिति र गाउँले अभिभावकहरूको सक्रिय सहयोगमा निर्माण गरिएको अर्को सानो दुई कोठे भवनको पनि विधायकले उद्घाटन गर्नुभएको छ। उक्त भवन निर्माणका लागि एसएमसी अध्यक्ष राजमान गुरूङले कोष संकलन कार्यमा प्रमुख भूमिका निर्वाह गरेको बताइएको छ। भवन निर्माणका लागि स्थानीय जनताले मुख्यमन्त्री तामाङप्रति हार्दिक कृतज्ञता व्यक्त गरेका छन्।

## 18औं एलडी काजी

च्याखुङमा आयोजना भइरहेको 18औं एलडी काजी गोल्डकप फुटबल टुर्नामेन्टका सेमिफाइनलमा खाव्जावल भेङ्गथर (KHAZWAL VENGTHAR) मिजोरम र याङथाङ युनाइटेड सेमिफाइनलमा आज प्रवेश गरेको छ। आज खेलिएको पहिलो म्याच अन्तर्गत 11औं मिनेटमा खाव्जावल भेङ्गथर मिजोरमको एकमात्र निर्णायक गोलको सहायताले टिमलाई सेमिफाइनलमा पुऱ्याएको छ। आज अर्को क्वाटरफाइनल म्याच याङथाङ युनाइटेड र सिक्किम पुलिसमाझ खेलियो जस्मा खेलको अन्तिम क्षणमा याङथाङ युनाइटेडले आकर्षण गोल गरेर टिमलाई सेमिफाइनलमा पुऱ्याउन सफल भयो।

अब, बिहीबार खेलिने सेमिफाइनल म्याचमा खाव्जावल भेङ्गथर मिजोरमले थाङथाङ युनाइटेड विरुद्ध खेल्ने छ भने अर्को सेमिफाइनलमा सिङलिङ स्पोर्टिङ क्लब र रेड पाण्डा निम्ची बीच भीडन्त हुनेछ।

------------